बलेफी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,बलेफी सिन्धुपाल्चोक

## प्रस्ताव आव्हान सम्बन्धी सुचना

## प्रथम पटक प्रकाशित मिति : २०७९।१०।२५

सङ्घीय सरकारबाट चालु आ.व २०७९।८० का लागि बहुक्षत्रीय पोषण योजना कार्यक्रमको उद्देश्य प्राप्तिका लागि विपन्न समुह वा सहकारीहरुलाई आयअर्जन सुधार कार्यक्रम सञ्चालन गर्न प्राप्त स्वीकृत रकम रु ६ लाख २५ हजार बजेटबाट यस गाउँपालिकामा रहेका विपन्न समुदायका सुनौला हजार दिनका घरपरिवार लक्षित आयआर्जन क्रियाकलाप सञ्चालन गर्न विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागीता र महिलाको नेतृत्वमा यस गाउँपालिकामा रहेका महिला सहकारीहरु मध्येबाट कुनै एउटा सहकारी सस्था वा महिला समुह छनौट गर्नुपर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रहि इच्छुक महिला सहकारी वा महिला समूहले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही यस कार्यक्रममा आवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

(क) विपन्न समुदायका महिलाहरुको पुर्ण सहभागिता र नेतृत्वमा स्थानीय तह भित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनोट गरिने छ ।

(ख) स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशील नभएको अवस्थामा सरकारी निकाय: जस्तो महिला विकास कार्यक्रम गरिबीसँग विश्वेश्वर कार्यक्रम ,स्थानीय विकास कोष,स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम /नागरिक सचेतना केन्द्र,कृषि विकास,पशु विकास,घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालन रहेका महिला समूहहरुलाई क्रमश: प्राथमिकताका आधारमा छनोट गरिने र यस प्रकारका महिला समूह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ बर्ष देखि क्रियाशिल रहेका महिला समूह मध्येबाट समेत छनोट गर्न सकिनेछ ।

(ग) बुँदा नं (क) वा (ख) बमोजिम छनोट भएको महिला सहकारीका २५ जना सदस्यहरुलाई प्रति सदस्य रु २५ हजारको दरले हुने एकमुस्ट रु ६ लाख २५ हजार अनुदान विनियोजन गरिने छ ।

(घ) बुँदा नं (ख) बमोजिम महिला सहकारी नभई महिला समूहमा अनुदान दिनुपर्ने भएमा अनुदान प्राप्त गर्ने समूहले एक बर्ष भित्र सहकारीको रुपमा रुपान्तरण हुने प्रतिवद्धता भएकोलाई प्राथमिकता दिइनेछ ।

(ङ) अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले सामुहिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) महिला सहकारी वा समूह छनोट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिईनेछ । यसको लागि आवेदकले यस्तो कुनैपनि सहयोग हालसम्म नभएको घोषणा गरेको हुनुपर्नेछ ।

छ) महिला सहकारी तथा समूहले आफ आवद्ध संस्थाको दर्ता /नवीकरण प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र,करचुक्ता प्रमाण पत्र ,सुनौला हजार दिनका आमा भएको खुल्ने कागजात,प्रत्येक सदस्यको नेपाली नागरिताको प्रमाण पत्र लगायतका आवश्यक अन्य कागजातहरु समेत निवेदन साथ संलग्न राख्नु पर्नेछ ।

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

**देवीलाल सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**